भुम्लु गाउँकार्यपालिकाको बैठक संख्याः ०८

आ व : २०७९/८०

मितिः २०७९ पौष ०६ गते बुधबार

समयः १३:३० दिवा

स्थानः भुम्लु गाँउपालिकाको सभाहल

आज मिति २०७९ पौष ०६ गते बुधबारका दिन यस भुम्लु गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा यस भुम्लु गाउँकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री प्रेम बहादुर भुजेल | - अध्यक्ष |
| २. | श्री जितेन्द्रमान तामाङ्ग | उपाध्यक्ष |
| ३. | श्री लेख बहादुर श्रेष्ठ | सदस्य |
| ४. | श्री सुजन भण्डारी | सदस्य |
| ५. | श्री ज्ञान वहादुर तामाङ्ग | सदस्य |
| ६. | श्री लोक बहादुर कुँवर | सदस्य |
| ७. | श्री अञ्चल कुमार लामा | सदस्य |
| ८. | श्री भरत बहादुर शिवभक्ति | सदस्य |
| ९. | श्री रमेश राज खरेल | सदस्य |
| १०. | श्री मोतिलाल तामाङ्ग | सदस्य |
| ११. | श्री दल बहादुर तामाङ्ग | सदस्य |
| १२. | श्री केसरमान लामा | सदस्य |
| १३. | श्री कल्पना पहरी | सदस्य |
| १४. | श्री कुमारी विश्वकर्मा | सदस्य |
| १५. | श्री चमेली परियार | सदस्य |
| १६. | श्री शान्ती ठकुरी | सदस्य |
| १७. | श्री सुलभ पहरी | सदस्य |
| १८. | श्री विष्णु बहादुर पहरी | सदस्य |
| १९. | श्री देवेन्द्र सुवेदी | सचिव |

अन्य उपस्थितिः

२०. श्री रुपक अधिकारी - प्रशासन तथा योजना शाखा प्रमुख

२१. श्री साकार अधिकारी - पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख

२२. श्री विक्रम वस्नेत - आर्थिक प्रशासन शाखा प्रमुख

**प्रस्ताव न.१: चौतारा साँगाचोक गढी नगरपालिकासँग रहेको सिमा विवादले निम्त्याएको परिस्थिति सम्बन्धमा**

निर्णय न.१: प्रस्ताव न. १ माथि छलफल गर्दा मिति २०७९।०९।०४ गतेका दिन गाउँपालिका अध्यक्ष र ८ न. वडा का वडा अध्यक्ष ज्यूहरु अनुगमनका क्रममा भुम्लु -८ मा रहेको बन्देउ वगर क्षेत्रमा जाँदा उक्त क्षेत्रमा पहिले देखिनै तयारी अवस्थामा वसेका केही उत्श्रखल व्यक्तिहरुको समूहले गर्न खोजेको सांघातीक हमलाको यस कार्यपालिका वैठक घोर भर्त्सना गर्दछ । सिमा विवादलाई लिएर गरिएको त्यस किसिमको गतिविधिलाई निराकरण गर्न र भविष्यमा यस्तो घटना नहोस भन्ने तर्फ ध्यान दिनका लागि जिल्ला समन्वय समितिको कार्यालय र जिल्ला प्रशासन कार्यालयमा ध्यानकर्षण पत्र वुझाउने निर्णय गरियो ।

**प्रस्ताव न.२: संघ सरकारलाई पठाउने समपुरक र विशेष अनुदानमा सञ्चालन हुने योजनहरुका सम्बन्धमा**

निर्णय न.२: प्रस्ताव न. २ माथि छलफल गर्दा आ.व. २०८०।०८१ को लागि संघ सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदान प्राप्तिको लागि निम्न बमोजिमको योजनाहरुको माग गर्ने निर्णय गरियो ।

**योजनाहरुको विवरण**

**समपुरक तर्फ**

| क्र.स | क्षेत्र | योजनाको नाम | अनुमानित लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | बुद्ध पार्क निर्माण, भुम्लु-५ सल्ले | ३ करोड | |
| २ | कृषि तथा भुमिसुधार | कृषि अनुसन्धान केन्द्र निर्माण | १ करोड | |
| | | जडिवुटी उत्पादन तथा संकलन तथा प्रशोधन केन्द्र | १ करोड | |
| ३ | सामाजिक क्षेत्र | देउराली स्कुल जाने बाटो र दलिनेकोट पुल निर्माण | १० करोड | |

**विशेष तर्फ**

| क्र.स | क्षेत्र | योजनाको नाम | अनुमानित लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | खानेपानी | सुख्खा क्षेत्रमा खानेपानीको ट्याङ्की वितरण कार्यक्रम | २ करोड | |
| २ | स्वास्थ्य | आयुर्वेदिक अस्पतालको निर्माण | १० करोड | |



२०७९।०९।०६

| | | | | |
|---|---|---|---|---|
| ३ | समावेशीकरण तथा मुल प्रवाहिकरण | मौलिक पहरी सांस्कृतिक होमस्टे निर्माण तथा सञ्चालन | ३ करोड | |

**प्रस्ताव न.३: कार्यालय सहयोगी सेवा करारमा लिने सम्बन्धमा**

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालय भित्र काम गर्नका लागि १ जना र भुम्लु आधारभुत अस्पतालमा काम गर्नका लागि १ जना गरी कुल २ जना कार्यालयक सहयोगी तथा १ जना हेभि इक्विभमेन्ट सहयोगि आवश्यकता देखिएको हुनाले, सेवा करारमा लिने गरी सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।